आज मिति २०७९/१०/२६ गते अपरान्ह ३:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री सेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार मुजनिया | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री रामलाल श्रेष्ठ | प्र.प्र.अ/ सचिव | |

CamScanner

**निर्णय नं. १:**

आर्थिक बर्ष २०७९ /२०८० मा सडक बोर्ड नेपालसँगको सहकार्यमा सडक आवधिक मर्मत गर्ने प्रयोजनका लागि सडक बोर्ड नेपालबाट रु.१२५०००००.०० ( एक करोड पच्चीस हजार ) स्वीकृत भै आएकोले ANNUAL ROAD MAINTENANCE PLAN (ARMP) स्वीकृत गरी तपसिलका कालोपत्रे सडक आवधिक मर्मत गर्ने कार्यका लागि सडक बोर्ड नेपालमा सहमतिका लागि पठाउने निर्णय गरियो।

तपसिल :

| क्र.सं. | सडकको नाम : | जम्मा लम्बाई (कि.मि.) | मर्मत गर्नुपर्ने लम्बाई ( कि.मि.) | लागत |
|---|---|---|---|---|
| १ | धनगढी उप-महानगरपालिका वडा नं. – ७, कालिका मन्दिर जाखौर सडक आवधिक मर्मत गर्ने काम | ३.३३ | ३.०० | २०१०६८०.३८ |
| २ | धनगढी उप-महानगरपालिका वडा नं. – ६, जाली जोखैया सडक आवधिक मर्मत गर्ने काम | ३.२५ | ३.२० | ३१५९८५९.२८ |
| ३ | धनगढी उप-महानगरपालिका वडा नं. – ७, बेली पटेला सडक आवधिक मर्मतगर्ने काम | ४.१३ | ४.१० | २१२२९०३.७६ |
| ४ | धनगढी उप-महानगरपालिका वडा नं. – ३, भन्सार राजपुर सडक आवधिक मर्मत गर्ने काम | ९.०० | ५.६० | २६४३७७१.०७ |
| ५ | धनगढी उप-महानगरपालिका वडा नं. – १२, सिद्धार्थनगर कम्पनी सडक आवधिक मर्मत गर्ने काम | ४.१६ | ४.०० | १८९६२०८.३५ |
| ६ | धनगढी उप-महानगरपालिका वडा न. -१५ र १७ उर्मा, पथरी डमौलिया सडक आवाधिक मर्मत गर्ने काम | १२.९४ | ६.०० | ५८३८४३१.९४ |
| ७ | धनगढी उप-महानगरपालिका वडा न. – ५, एकता मार्ग आवधिक मर्मत गर्नेकाम | ०.१५ | ०.१२ | १८५२८८.१ |
| जम्मा | | ३६.९६ | २६.०२ | १७८५७१४२.९ |

**निर्णय नं. २:**

तराई-मधेश समृद्धि कार्यक्रम केन्द्रीय समन्वय इकाई, सिंहदरवार, काठमाण्डौको मिति २०७९/१०/११ गते आयोजना/ कार्यक्रम माग/ प्रस्ताव पेश गर्ने सम्बन्धी प्रकाशित सूचना अनुसार यस धनगढी उपमहानगरपालिका अन्तर्गत तराई- मधेश समृद्धि कार्यक्रम संचालन कार्यविधि-२०७९ मा तोकिए बमोजिमका कार्यक्रम संचालनका क्षेत्रहरुको अधीनमा रही तपसिल बमोजिमका प्राथमिकताका आधारमा सिफारिस गर्ने निर्णय गरियो।

CS CamScanner

तपसिल:

| क्र.स. | प्रस्तावित आयोजना /कार्यक्रमको विवरण | कार्यक्रम संचालन हुने स्थान (वडा न. समेत) | आयोजना क्षेत्र |
|---|---|---|---|
| १ | खुटिया नदी घुम्मन रानाको घर नजिक तटबन्धन | वडा न. ०७ | सिचाई तथा नदी नियन्त्रण |
| २ | संकेत मेडिकल पछाडी सडक निर्माण गर्ने कार्य | वडा न. ०१ | साना सडक स्तरोन्नती कार्यक्रम |
| ३ | संगम टोल तटबन्धन गर्ने कार्य | संगम टोल वडा न.०८ | सिचाई तथा नदी नियन्त्रण |
| ४ | साथी होटेल सडकस्तरोन्नति | वडा न. ०२ | साना सडक स्तरोन्नती कार्यक्रम |
| ५ | शिखर टोल नवराज खनालको घर देखि विष्टको घर सम्म पक्की सडक निर्माण | वडा न. ०२ | साना सडक स्तरोन्नती कार्यक्रम |
| ६ | राधास्वामी टोल तटबन्धन गर्ने कार्य | वडा न. ०८ | सिचाई तथा नदी नियन्त्रण |
| ७ | ऐश्वर्य टोल तटबन्धन गर्ने कार्य | वडा न. ०८ | सिचाई तथा नदी नियन्त्रण |
| ८ | पशुपति शिक्षा मन्दिर भवन निर्माण गर्ने कार्य | वडा न. ०७, देवरिया | सामुदायिक पूर्वाधार |
| ९ | पार्वती आधारभूत विद्यालय भवन निर्माण गर्ने कार्य | वडा न. ०१, पुरानो एरपोर्ट | सामुदायिक पूर्वाधार |
| १० | वडा कार्यालय अगाडी सडकमा पक्कि नाली निर्माण गर्ने कार्य | वडा न. १२, वडा कार्यालय अगाडी | साना सडक स्तरोन्नती कार्यक्रम |
| ११ | खुटिया नदी नियन्त्रण गर्ने कार्य | वडा न. १२ खुटिया नदी | सिचाई तथा नदी नियन्त्रण |
| १२ | कैलाली पुल सी.जी. चोक देखि शिवपुरी धाम सम्म सडक निर्माण | वडा न. ०४ | साना सडक स्तरोन्नती कार्यक्रम |
| १३ | धनगढी नमुना मा.बि. को पर्खाल निर्माण गर्ने कार्य | वडा न. ०८ | सामुदायिक पूर्वाधार |
| १४ | बंगरा गाउँ मोहना नदी नियन्त्रण गर्ने कार्य | वडा न. ०९ | सिचाई तथा नदी नियन्त्रण |
| १५ | स्वास्थ्य केन्द्र भवन घेरवार | वडा न. १५ | सामुदायिक पूर्वाधार |
| १६ | फुलवारी बी गाउँ गगुरा टोल कल्भर्ट निर्माण | वडा न. १४ | साना सडक स्तरोन्नती कार्यक्रम |
| १७ | राष्ट्रिय तुलसी मा. वि. भवन निर्माण | वडा न. ०४ | सामुदायिकपूर्वाधार |
| १८ | डाँडापट्टी देखि फुल्नैया टोल जाने बाटो सम्म सडक कालो पत्रे गर्ने कार्य | वडा न. १० | साना सडक स्तरोन्नती कार्यक्रम |

**निर्णय नं. ३:**

यस धनगढी उप-महानगरपालिकाका विभिन्न वडामा रहेका नदीहरुमा झोलुङ्गे पुल निर्माण गर्नु पर्ने भएको हुँदा तपसिल बमोजिमका स्थानहरुमा झोलुङ्गे पुल निर्माणका लागि नेपाल सरकार, शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग, श्रीमहल, पुल्चोक, ललितपुरलाई पुल निर्माणका लागि योजना स्वीकृत गरी आगामी आ.व. ०८०/०८१ को कार्यक्रममा समावेश गरिदिन हुन अनुरोध गरि पठाउने निर्णय गरियो।

तपसिलः

१. धनगढी उपमहानगरपालिका वडा नं.१८, नक्लिपुर र वडा नं.१८, भू.पु. सैनिक टोल जोड्ने मोहना नदीमा नक्लिपुर झो.पु. – २८० मि.।
२. धनगढी उपमहानगरपालिका वडा नं. १६, ब्युसाहा र ओझा टोल जोड्ने भादा कुलोमा ओझा टोल ट्रस पुल- ३२ मि.
३. धनगढी उपमहानगरपालिका वडा नं.१६, दक्षिण घुराही गाउँ र कैलारी गाउँपालिका वडा नं. ९, प्रशनिपुर सामाचौरा जोड्ने घुराहा झो.पु. -७५ मि.।
४. धनगढी उपमहानगरपालिका वडा नं.१८, तुल्छीबारी र कैलारी गा. पा. वडा नं.६, धर्मापुर जोड्ने गौकनरी ट्रस पुल २८ मि.।
५. धनगढी उपमहानगरपालिका वडा नं.१६, रामपुर र गौरिगंगा न.पा.२, जोड्ने कुन्डी टोल ट्रस पुल ३२ मि.।
६. धनगढी उपमहानगरपालिका वडा नं. ५, शिवनगर खानेपानी ट्यांकी र वडा नं. ६, जाली पिपलबोट दक्षिण जोड्ने शिवनगर ट्रस पुल २४ मि.।
७. धनगढी उपमहानगरपालिका वडा नं.९, खल्यान चौर बंगरा गाउँ र बंगरा जोड्ने मोहना नदीमा खल्यान चौर झो.पु.-१२० मि.।
८. धनगढी उप-महानगरपालिका वडा नं.१ र ९ जोड्ने त्रिवेणी घाट जोड्ने त्रिवेणी ट्रस पुल - ३२ मि.।
९. धनगढी उप-महानगरपालिका वडा नं. ११, धौलेकटान र गोदावरी न.पा. वडा नं. ९ जोड्ने धौलेकटान ट्रस पुल-३२ मि.।

**निर्णय नं. ४:**

आ.व. ०७९/०८० को स्वीकृत कार्यक्रममा प्रदेश सरकार समानीकरण अनुदान अन्तर्गत धनगढी उप-महानगरपालिकाका १-१९ वडामा साना सिचाई सहयोग कार्यक्रम (बोरिंग) भएको र रु ५०,००,०००/- बजेट बिनियोजन भएकोमा हाल भुमीको बर्गिकरण अनुसार ७ वटा वडाहरु गैर कृषि क्षेत्र घोषणा भएको र अन्य वडाहरुमा पनि कृषि र गैर कृषि क्षेत्र छुट्याएको हुँदा उक्त कार्यक्रम कृषि क्षेत्रमा संचालन गर्नको लागि कार्यक्रमको नाम संसोधन गरी धनगढी उप-महानगरपालिकाको कृषि क्षेत्रमा साना सिँचाई सहयोग कार्यक्रम (बोरिंग) कायम गर्ने निर्णय गरियो।

**निर्णय नं. ५:**

यस धनगढी उप-महानगरपालिका क्षेत्रभित्रको फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन र फोहरमैला व्यवस्थपान कार्यलाई नगरपालिकाको आन्तरिक आयसँग आबद्ध गर्नका लागि निजी क्षेत्र, संघ-संस्था वा कम्पनी (संकलनकर्ता) लाई संकलित रकमको २० प्रतिशत लाभांश दिने गरी सरसफाई शुल्क संकलन गर्न सूचना प्रकाशित गरी कार्य अगाडी बढाउने र उक्त कार्य सुरु नहुञ्जेल सम्म कर्मचारीबाट शुल्क संकलन गर्दा संकलन कार्यमा खटिएका कर्मचारीलाई संकलित रकमको १० प्रतिशत रकम उपलब्ध गराउने निर्णय गरियो। साथै सूचना प्रकाशित गरी कार्य गर्दा लैंगिक तथा यौनिक अल्पसंख्यक, एकल महिला समूह र महिला समूहलाई बिशेष ग्रह्यता दिने निर्णय गरियो।

**निर्णय नं. ६:**

स्रोतमा फोहर वर्गीकरण सम्वन्धी अभिमुखीकरण कार्यक्रमको लागि मिति २०७९/०६/०१ गते श्रोत व्यवस्थापन प्रा. लि. वालिंग न.पा.-१०, स्याङजासँग भएको द्विपक्षीय सम्झौता मिति २०७९/१०/३० गते समाप्त हुने भएको र स्रोतमा फोहर वर्गीकरण सम्वन्धी कार्यलाई निरन्तरता दिन आवश्यक देखिएकोले चालु आ. व. २०७९/८० असार मसान्त सम्म श्रोत व्यवस्थापन प्रा. लि. वालिंग न.पा.-१०, स्याङ्जासँग भएको सम्झौता मिति २०७९/०६/०१ गते भएको सम्झौतामा रहेका शर्त बमोजिम म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ७:**

क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गत आ. व २०७८/७९ मा वातावरण संरक्षणमा रहेको Bamboo and Cane plant production and distribution in community forest group all ward कार्यक्रम वडा न. ६ संचालन भई सम्पन भैसकेकोको तर हाल सम्म भुक्तानी नभएको हुँदा क्षेत्रीय शहरी विकास आयोजना संचालन गर्न नगर प्रमुखको सयोजकत्व गठिन समितिको मिति २०७९/०९/१४ गतेको निर्णय अनुसार आ. व. २०७९/८० उक्त शिर्षकमा निकासा भएको रकम रु. ७,००,०००/- बाट उक्त कार्यक्रममा खर्च भएको रु. ६,००,०००/- भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं. ८:**

यस धनगढी उप-महानगरपालिकाको आ.व.०७९/०८० का लागि नदिजन्य पदार्थको बिक्रि कार्यका लागि रोयल्टी उठाउने सम्बन्धमा मिति २०७९/०९/२५ गते पाँचौ पटक प्रकाशित सूचना अनुसार पर्न आएका एउटा मात्र बोलपत्र मिति २०७९/१०/०४ गतेको बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन गर्दा रु. १,०१,६०,०००/- (भ्याट बाहेक) सकार गर्ने श्री बालाजी कनस्ट्रक्सनको बोलपत्र सारभूत रुपले प्रभावकारी भएकोले स्वीकृतीका लागि सिफारिस गर्ने भनी निर्णयबाट सिफारिस भई आएकोमा मिति २०७९/१०/२५ गते निज बालाजी कन्स्ट्रक्सनसँग सम्झौता गरिएकोमा उक्त ठेक्का स्वीकृत गरी सम्झौता गर्ने कार्य अनुमोदन गर्ने र साथै निजले बैङ्क ग्यारेन्टी समयमा पेश गर्न नसक्ने भएको हुँदा म्याद थप गरी पाउँ भनी दिएको निवेदन अनुसार थप समय दिन आवश्यक भएकोले उक्त थप समय दिने कार्य समेत अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ९:**

यस धनगढी उप-महानगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम अन्तर्गत धनगढी उप-महानगरपालिकाको क्षेत्रभित्र रहेको मोहनापुल अत्तरिया सडक खण्डको धनगढी चौराह देखि एयरपोर्ट चोक सम्म वृक्षारोपण गर्ने कार्यक्रम अन्तर्गत रुखहरु र फूलहरुका बोट विरुवा संरक्षंण गर्नका लागी तारजाली लगाउने कार्य गर्न जरुरी भएकाले उक्त कार्य गर्नका लागी ठेक्का प्रक्रिया अगाढी बढाइएको र सम्झौता भइ कार्य भैरहेकोले उक्त योजनाको भुक्तानी गर्नका लागी भैपरी आउने पुँजीगत शिर्षक बाट **धनगढी चौराह देखि एयरपोर्ट चोक सम्म तारजाली लगाउने कार्य** शिर्षकमा रु. ६०,००,०००/- अक्षरुपी साठी लाख मात्र रकमान्तरण गर्ने निर्णय गरियो।

**निर्णय नं. १०:**

यस धनगढी उप-महानगरपालिका, नगरकार्यपालिकाको १५औं बैठकबाट जगाको वर्गीकरण सम्बन्धी अध्ययन गरी सिफारिस गर्न गठित कार्यदलले उप-महानगरपालिकाका सबै वडाहरुको सडकसँग जोडिएका ससिम (पूरै) कित्ताको हकमा गैह कृषि क्षेत्र र अन्य जगाको हकमा कृषि क्षेत्र तोक्ने भनी सिफारिस गरेकोले कार्यदलको सिफारिस अनुसार जगाको वर्गीकरण गर्ने निर्णय गरियो।

CamScanner

**निर्णय नं. ११:**

भू उपयोग ऐन २०७६ र भू-उपयोग नियमावली २०७९ अनुसार भूमि वर्गिकरण का लागि भू-उपयोग नक्सा अध्ययन प्रयोजनार्थ नापी विभागसँग समन्वय गरी भू-उपयोग विज्ञ जनशक्तिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:**

यस धनगढी उप-महानगरपालिकाको विभिन्न वडाहरुमा साविक कुलो, खोलानाला, ताल, तलाउ, नहर भएको २०७९ माघ मसान्त सम्म पिच (कालोपत्रे) भईसकेको बाहेकको जग्गा फिल्डमा हाल बाटो कायम भएको भए तापनि उक्त जग्गामा कित्ताकाट तथा घरनक्सा पास नगर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:**

आ.व. २०७९/०८० मा विविध कारणबस परिवर्तन/संशोधन एवं एकीकरणको लागि वडा कार्यालयबाट सिफारिस भई आएका तपशिल बमोजिमका योजनालाई संशोधन तथा एकीकरण र भैपरी शिर्षकबाट विनियोजन गर्नुपर्ने योजनाहरुलाई रकम विनियोजन गरी लेखा सुत्र प्रणालीसँग भिडान हुने गरी परिमार्जित गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| क्र.स. | आ.व. २०७९/०८० छानोट भएका योजनाहरु | सम्वन्धित शाखाबाट योजना परिवर्तनको माग भइ सिफारिस आएका योजनाहरु/ भैपरी विकासबाट रकम विनियोजन हुने योजनाहरु | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | सि.नं.४६० , धनगढी-१२, वडा स्तरीय खेलकुद कार्यक्रम संचालन रु. ७,५०,००० |- मध्ये ७,००,००० |- | धनगढी-१२, मनकामना युवा क्लबलाई फुटवल खेल संचालन रु.१,५०,०००|-<br>धनगढी-१२, सु.प.प्रदेश स्तरीय क्वान प्रतियोगिता रु. ५०,०००|-<br>वडा स्तरीय सेड प्रतियोगिता रु.३०,००० |-<br>जनचेतनामुलक च्याली कार्यक्रम संचालन रु. ५०,००० |-<br>सडक बत्ती जडान रु. ४,२०,००० |- | ७,००,००० |- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८००, मिति २०७९/०९/२५ ) को सिफारिस पत्र आएको । |
| २ | सि.नं. ४६१, धनगढी -१२, विभिन्न सास्कृतिक कार्यक्रम संचालन रु. २,००,००० |- | धनगढी-१२, ए गाउँ होली पर्व रु. ५,००० |-<br>बि गाउँ होली पर्व रु. ५,००० |-<br>सी गाउँ होली पर्व रु. ५,००० |-<br>डी गाउँ भुवा पर्व रु. ५,००० |-<br>डी गाउँ बिर्शौ पर्व रु. ५,००० |-<br>सोनाम लोसार रु. १०,००० |-<br>उधौली पर्व रु. ५,००० |-<br>वडा स्तरीय तिज कार्यक्रम १०,००० |-<br>राना तथा चौधरी जालीको माघी पर्व रु. २०,००० |-<br>फर्निचर खरिद रु. १,३०,००० |- | २,००,००० |- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८००, मिति २०७९/०९/२५ ) को सिफारिस पत्र आएको । |
| ३. | सि.नं. ४६३, धनगढी-१२, अनुगमन, मूल्यांकन खर्च रु . १,५०,००० |- | धनगढी-१२, वडा कार्यालयको लागि फर्निचर फर्निसिंग तथा इलेक्ट्रिकल सामान खरिद रु. १,५०,००० |- | १,५०,०००|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८००, मिति २०७९/०९/२५ ) को सिफारिस पत्र आएको । |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४. | सि.नं. ४६४, धनगढी-१२, विपद ब्यबस्थापन कोष रु.३,००,००० \|- | धनगढी-१२, विपद व्यवस्थापन रु. १,००,००० धनगढी-१२, वडा कार्यलयको लागि फर्निचर तथा इलेक्टोनिक सामान खरिद रु. २,००,०००\|- | ३,००,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८००, मिति २०७९/०९/२५ ) को सिफारिस पत्र आएको \| |
| ५. | सि.नं. ३०३, धनगढी-०५, सडक नाली मर्मत गर्ने काम रु २००,००० \|- | धनगढी-५, विभिन्न ठाउं मा सडक खाल्डाखुल्डीमा ग्राभेल गर्ने कार्य २,००,०००\|- | २,००,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १९८०, मिति २०७९/१०/१० ) को सिफारिस पत्र आएको \| |
| ६. | सि.नं. ४३७, धनगढी-११, विपद व्यवस्थापन कोष रु २००,००० \|- | धनगढी-११, विपद व्यवस्थापन कोष २,००,०००\|- मध्ये रु १,००,०००\|- वडा कार्यालय संचालन गर्ने कार्यमा खर्च गर्ने \| | १,००,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १११०, मिति २०७९/१०/१५ ) को सिफारिस पत्र आएको \| |
| ७. | सि.नं. ४३२, धनगढी-११, गौरा तथा होली पर्व कार्यक्रम रु ५०,००० \|- | धनगढी-११, तिज कार्यक्रम रु ५०,०००\|- | ५०,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १११०, मिति २०७९/१०/१५ ) को सिफारिस पत्र आएको \| |
| ८. | सि.नं. ४४५, धनगढी-११, वडा कार्यालयमा खानेपानीको मेसिन (कुलर राख्ने काम ) रु २,५०,००० \|- | धनगढी-११, कार्यालयमा खानेपानी मिटर र ए सी जडान कार्य रु २,५०,०००\|- | २,५०,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १११०, मिति २०७९/१०/१५ ) को सिफारिस पत्र आएको \| |
| ९. | सि.नं. ४२७, धनगढी-११, अति विपन्न आर्थिक अवस्था कमजोर भएका वालवालिकालाई कपी ,कलम वितरण रु.५०,००० \|- | धनगढी-११, विपन्न महिलालाई बुटिक कडाई तालिम रु ५०,०००\|- | ५०,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १११०, मिति २०७९/१०/१५ ) को सिफारिस पत्र आएको \| |
| १०. | सि.नं. ४३९, धनगढी-११, वडा कार्यालयका लागि इन्भर्टर खरिद रु. १,५०,००० \|- | सी.नं. ४३९ को ( रु १,५०,००० \|- ) रकम सी.नं. ४३८, सफलता कृषक समुहका लागि प्रोजेक्टर खरिद रु. ५०,००० \|- मा थप गरि जम्म रु २,००,००० \|- | २,००,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. ११९२, मिति २०७९/१०/२२ ) को सिफारिस पत्र आएको \| |
| ११. | सि.नं.५५३, धनगढी-१५, कृषक सम्मान कार्यक्रम रु. १,००,००० \|- | धनगढी-१५, कृषकहरु लाई कृषि सम्बन्धि तालिम संचालन रु.१,००,००० \|- | १,००,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. ९२९, मिति २०७९/१०/२५ ) को सिफारिस पत्र आएको \| |
| १२. | सि.नं.३८८, धनगढी-९ वडा कार्यालयका लागि जेनेरेटर खरिद गर्ने कार्य रु. २,५०,००० \|- | धनगढी-९ वडा कार्यालय परिसरमा घेरबार निर्माण गर्ने कार्य रु. २,५०,००० \|- | २,५०,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. ६३१, मिति २०७९/१०/२५ ) को सिफारिस पत्र आएको \| |
| १३. | सि.नं. ३८९,धनगढी-९ भवानी मा.वि.फर्निचार खरिद रु. २,००,००० \|- | धनगढी-९, भवानी मा.वि.को लागि शैक्षिक र खेलकुद सामग्री खरिद रु. २,००,००० \|- | २,००,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. ६३१, मिति २०७९/१०/२५ ) को सिफारिस पत्र आएको \| |

| | | | | |
|---|---|---|---|---|
| १४. | सि.नं. ३७२, धनगढी-८, विभिन्न कालोपत्रे सडक मर्मत रु. ५,००,००० \|- र सी.नं. ३७४, धनगढी-८, मुक्तिनाथ,मार्ग उत्तर, दक्षिण श्रीस्टार दक्षिण श्री, उतार हरि भट्टको घर सदभाव भित्र जाने सडक, कमला बुढाथोकीको घर जाने सडक, गाउँ धनगढी बाबुराम रानाको घर जाने सडक भद्रपुर, सडक लोथ्यालको घर जाने सडक ध्रुव जिशिको घर जाने सडक र ओम मेडिकल देखि पश्चिम जाने सडक कालोपत्रे गर्ने काम रु. २४,२८,००० \|- | धनगढी-८, मुक्तिनाथ मार्ग दक्षिण, श्री स्टार दक्षिण -उत्तर, हरि भट्टको घर जाने सडक, कमला बुढाथोकीको घर जाने सडक, ध्रुव जोशीको घर जाने सडक, ओम मेडिकल पक्कि नाली निर्माण गर्ने कार्य रु. २९,२८,००० \|- | २९,२८,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा वडा समितिको मिति २०७९/१०/२४ गतेको निर्णय ) को सिफारिस पत्र आएको \| |
| १५. | सि.नं.५१०, धनगढी-१४, एकल महिला क्षमता विकास कार्यक्रम रु. ५०,००० \|- | धनगढी-१४, कार्यालय संचालन तथा विविध भैपरी कार्यमा रु. ५०,००० \|- | ५०,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८२५ , मिति २०७९/१०/२५ ) को सिफारिस पत्र आएको \| |
| १६. | सि.नं.५४६, धनगढी-१४,दुर्गा मन्दिर निर्माण बिष्ट टोल रु. २,००,००० \|- | धनगढी-१४, गमरा देवी अधुरो मन्दिर निर्माण बिष्ट टोलमा थप रकम रु.१,००,००० \|-<br>धनगढी-१४,बि गाउँ (बिष्ट,बझांगी, गगुडा, घांगल, सिमली टोलको) सडक मर्मत तथा नाली सरसफाई गर्ने काम रु.१,००,००० \|- | २,००,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८२५ , मिति २०७९/१०/२५ ) को सिफारिस पत्र आएको \| |
| १७. | सि.नं. ५४२, फुलबारी बहुउद्देश्यीय खेलमैदान निर्माण रु.२,५०,००० \|- | धनगढी-१४, ब्याडबेन्टिंग कोर्ड निर्माण गर्ने कार्य रु. ६०,००० \|-<br>धनगढी-१४, वडा कार्यालयको कार्पेट, पर्दा तथा फर्निसिंग तथा व्यवस्थापन गर्ने कार्यको लागि भुक्तानी हुन् बाँकि रकम रु.९५,००० \|- भुक्तानी दिने \|<br>धनगढी-१४,कार्यालय फर्निचार,फर्निसिंग, इलेक्ट्रिकल समान तथा अन्य कार्यालय सामानहरु मर्मत सम्भार एवं ब्यबस्थापन गर्ने कार्यका लागि भुक्तानी हुन् बाँकि रकम रु. ३५,००० \|- भुक्तानी दिने \|<br>धनगढी-१४, वडा कार्यालय र आधारभूत स्वास्थ्य केन्द्रको पहिचान होडिङ्ग बोर्ड साईन बोर्ड (सांकेतिक बोर्ड ) तथा वडामा कार्यरत महिला स्वास्थ्य स्वय सेविकाहरुको कार्यक्षेत्रको विवरण तोकेको बोर्ड तयार गने कार्यका लागि भुक्तानी हुन् बाँकि रकम रु ६०,००० \|- भुक्तानी दिने \| | २,५०,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८२५ , मिति २०७९/१०/२५ ) को सिफारिस पत्र आएको \| |
| १८. | सि.नं. ५१९, धनगढी-१४,अधुरो दलित भवन निर्माण जी गाउँ स्याउले रु.३,००,००० \|- | धनगढी-१४, कालिका मन्दिरको परिसरमा चौतारा निर्माण गर्ने कार्यमा थप कार्यका लागि रु. १,३०,००० \|-<br>धनगढी-१४, वडा कार्यालयको परिसरमा सवारी पार्किंग सेड र वडा कार्यालयको साईन बोर्ड व्यवस्थापन गर्ने कार्यका लागि थप रकम रु १,७०,००० \|- | ३,००,००० \|- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८२५ , मिति २०७९/१०/२५ ) को सिफारिस पत्र आएको \| |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १९. | सि.नं. ५४१, धनगढी-१४, गोलपोष्ट निर्माण गर्ने काम त्रिपन्न फुटबल मैदानमा रु. ५०,०००।- | धनगढी-१४, वडा कार्यालयको परिसरमा सवारी पार्किङ्ग सेड र वडा कार्यालयको साईनबोर्ड व्यवस्थापन गर्ने कार्यका लागि थप रकम रु. ५०,०००।- | ५०,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८२५ , मिति २०७९/१०/२५ ) को सिफारिस पत्र आएको। |
| २०. | सि.नं. १८८, धनगढी-१, त्रिबेणी टोल दिनेश महर्जनको घर रामचन्द्र जोशीको घर सम्म सडक कालोपत्रे गर्ने काम रु. ६,००,००० ।- | धनगढी-१, त्रिबेणी टोल, दिनेश महर्जनको घर रामचन्द्र जोशीको घर सम्म पी.सी.सी. गर्ने काम रु. ६,००,००० ।- | ६,००,००० ।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १८५३ , मिति २०७९/१०/२२ ) को सिफारिस पत्र आएको। |
| २१. | सि.नं. ३,धनगढी उप-महानगर पालिका, कैलाली, सूचना प्रणाली तथा सफ्टवयर संचालन करच रु. १८,००,००० ।- | धनगढी उप-महानगर पालिका, कैलाली, फोटोग्राफी तथा भिदियोग्राफीका उपकरण खरिद रु. १०,००,००० ।-<br>नगरासभा हाल र कार्यपालिका हालका लागि Smart TV तथा Projector खरिद रु.३,००,००० ।-<br>Maintenance, Upgrade and Installation of Server,, Training on Server Management and Networking रु. ५,००,००० ।- | १८,००,००० ।- | मिति २०७९/१०/२५ गतेको पत्र तथा मिति २०७९/१०/२६ गतेको तोक आदेशानुसार । |
| २२. | सि.नं.६७०, धनगढी-१९,विद्यालयलाई फर्निचर खरिद रु. २,०३,०००।- | धनगढी-१९, जनसहयोगी आ.वि.बहुलियालाई फर्निचर खरिद रु. ४०,०००।-<br>धनगढी-१९, वडा कार्यालयको लागि कम्प्युटर लगायत इलेक्ट्रोनिक उपकरण खरिद रु. १,६३०००।- | २,०३,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. ११०१ , मिति २०७९/१०/२४ ) को सिफारिस पत्र आएको। |
| २३. | सि.नं. २२०, धनगढी-२, बैयाबेहडी नयाबस्ती बैदे प्रसाद चौधरीको घर देखि फिरु रामको घर सम्म नाली निर्माण गर्ने काम रु. ८,५०,०००।- | धगढी-२, बैयाबेहडी नयाबस्ती बैदे प्रसाद चौधरीको घर देखि फिरुरामको घर सम्म सडक कालोपत्रे गर्ने कार्य रु. ८,५०,०००।- | ८,५०,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १७२१ , मिति २०७९/१०/१० ) को सिफारिस पत्र आएको। |
| २४. | सि.नं. २०९, धनगढी-२ का लागि कम्प्युटर खरिद रु. ३,००,०००।- मध्येबाट रु.५०,०००।- | धनगढी-२, सडक बत्ति जडान गर्ने कार्य रु.५०,०००।- | ५०,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. १७२१ , मिति २०७९/१०/१० ) को सिफारिस पत्र आएको। |
| २५. | सि.नं. २३७, धगढी-३, कुकुर व्यवस्थापन रु. ५०,०००।-<br>सि.नं. २३८, धनगढी-३, अध्ययन अवलोकन भ्रमण रु. १,००,०००।-<br>सि.नं.२३०, धनगढी-३, पोषण सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन रु.१,००,०००।- मध्येबाट रु.५०,०००।- | धनगढी-३, विपन्न जेष्ठ नागरिकलाई न्यानो कपडा वितरण गर्ने कार्य रु. २,००,०००।- | २,००,०००।- | योजना परिवर्तन / संशोधन गर्ने व्यहोरा (च.नं. २४०२ , मिति २०७९/१०/२० ) को सिफारिस पत्र आएको। |
| २६. | | कैलाली जिल्ला फुटबल संघको एन्फा फुटबल कम्यूनिटी कोचिङ्ग कोर्ष सञ्चालन | २०००००/- | खेलकुद शिर्षकबाट भुक्तानी हुने। |
| २७. | | धनगढी उप-महानगरपालिका वडा नं. ७ र ८ मा पर्ने बुद्ध चौकमा रहेको नयाँ सालिक निर्माण गरी पुर्नस्थापना गर्नका लागि | ५,००,०००।- | भैपरी विकास शिर्षकबाट भुक्तानी हुने। |

| | | | | |
|---|---|---|---|---|
| २८. | | धनगढी उप-महानगरपालिका वडा नं. २, सरस्वतीनगर स्थित रहेको शिव मन्दिरमा चौतारा निर्माण तथा खानेपानीको धारा जडान | ९६,०००।- | भैपरी विकास शिर्षकबाट भुक्तानी हुने। |
| २९. | | धनगढी उप-महानगरपालिका वडा नं. ६, जाली, शिवनगर टोलमा ३ (तीन) वटा सार्वजनिक पिउने पानीको धारा जडान | ३३,०००।– | भैपरी विकास शिर्षकबाट भुक्तानी हुने। |

**निर्णय नं. १४**

MITRA Samaj चक्रपथ, काठमाडौँको मिति २०७९ साल माघ १५ गतेको पत्रानुसार २०७९ साल भाद्र २ गते का दिन योरोपियन युनियन, युनिसेफ र यु.एन. विमेन को सहयोग र मित्र समाज र डेक्को नेपालको संयोजकत्वमा " सार्वजनिक वित्त व्यवस्थापनमा नागरिक सहभागिता" कार्यक्रमको राष्ट्रिय स्तरमा शुभारम्भ भएको र उक्त कार्यक्रम २०२२/२३ मा ललितपुर महानगरपालिका, जनकपुर उप-महानगरपालिका, नेपालगंज उप-महानगरपालिका, बिरेन्द्रनगर नगरपालिका लगायत धनगढी उप-महानगरपालिकामा पनि कार्यक्रम कार्यान्वयन गर्ने योजना रहेको छ। तसर्थ, यस कार्यक्रमलाई धनगढी उप-महानगरपालिकामा चरणवद्ध रुपमा कार्यान्वयन गर्न यसको पहिलो चरणको कार्यक्रमहरु जस्तै : तथ्यांक संकलन र विश्लेषण, नगरपालिकामा नक्सांकन र बजेट विश्लेषणका लागि छलफलका साथै वडा स्तरीय अभिमुखीकरण कार्यक्रमहरु संचालन गर्न आवश्यक सहयोग उपलब्ध गरि दिन भनि उल्लेख भै आएकाले सो कार्यका लागि पहिलो चरणमा यस धनगढी उप-महानगरपालिका वडा नम. २,४,५,८,१०,१२,१३,१७ र १९ गरि जम्मा ९ (नौ) वटा वडाहरु छनौट गर्ने निर्णय गरियो।

**निर्णय नं. १५:**

धनगढी उप-महानगरपालिका वडा नं. १२ को वनदेवी डिप ट्यूवेल जलउपभोक्ता समितिलाई विद्युत महशुलको भुक्तानीको बक्यौता भुक्तानी गर्न उपलब्ध गराईएको रु. ५९,५६७/- (अक्षरेपी उनसाट्ठी हजार पाँच सय सतसट्ठी मात्र।) अनुमोदन गरियो।

**निर्णय नं. १६:**

यस धनगढी उप-महानगरपालिकाको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम अन्तर्गत ठेक्का न. 15/DSMC/2078/079 को Construction of Side Drain Works and Various Structure at Ward No. 01 DSMC (Postal Office to District Police Office) सम्बन्धि कार्यका लागी श्री किरण कन्स्ट्रक्सन अत्तरिया, कैलाली सँग मिति २०७८/०९/२३ गते सम्झौता भई २०७८/०९/२५ गते कार्यादेश दिइएकोमा उक्त योजना निर्माण सुरु गर्नु अगाडी धनगढी मेनरोड स्तरोन्नति (कैलालीपुल देखि क्याम्पस चोक सम्म) सडक विस्तार गर्ने नगरपालिकाको निर्णयानुसार काम रोकिएको र हाल आएर उक्त सडक विस्तार तथा स्तरोन्नती गर्नको लागी सुदूरपश्चिम प्रदेश सरकार पूर्वाधार विकास कार्यालयबाट बोलपत्र समेत आह्वान भएकोले उक्त मेनरोड हुलाक कार्यालय देखि जि. प्र. का. पुलसम्मको पक्की नाली निर्माण गर्ने काम सोही वडा न. ०१ नैनादेवी मन्दिर मन्दिर देखि क्याम्पस-चटकपुर सडक खण्ड सम्म निर्माण गर्ने गरि योजनाको स्थान परिवर्तन गरि कार्य अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. १७:**

यस धनगढी उप-महानगरपालिकाको आन्तरिक आय वृद्धिको लागि राजस्व व्यवस्थापन शाखाबाट दैनिक बजारमा खटिएका कर्मचारीहरुले संकलन गरेका बहाल करको १० प्रतिशत रकम प्रोत्साहन बापत बहाल कर संकलनमा खटीएका कर्मचारीहरुलाई उपलब्ध गराउने निर्णय गरियो।

CamScanner

**निर्णय नं. १८:**

यस धनगढी उप-महानगरपालिका वडा नं. ११ को वडा कार्यालयबाट सोही वडामा बस्ने सुखराम चौधरी विगत ६ वर्ष देखि मानसिक रोगी भई घरमै बाँधिरहनु पर्ने अवस्था रहेकोले निजको उपचारका लागि वडाको बजेटबाट खर्च हुने रु. ५०,०००/- उपलब्ध गराउन अनुरोध भई आएकोले निजलाई वडाको विपद् व्यवस्थापन शिर्षकबाट खर्च हुने गरी उपचारका लागि रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.१९:**

नेपाल नगरपालिका संघको २०७९/०८/१८ गतेको पत्रानुसार नगरस्तरीय समावेशी सरसफाई र दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी क्षमता विकास अध्ययन भ्रमणमा खाना र बस्न बाहेक हवाई तथा अन्य भ्रमण खर्च उप-महानगरपालिकाले व्यहोर्ने गरि मिति २०७९/०८/२३ देखि २०७९/०९/०२ गते सम्म भारतको हैदरावाद र भुवनेश्वरमा सहभागी भएका वातावरण अधिकृत श्री अशोक अवस्थीको भ्रमण खर्च अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. २०:**

धनगढी उपमहानगरपालिकाको "घ" वर्गको निर्माण इजाजत पत्र व्यवस्थापन समितिको मिति २०७९/१०/२६ गतेको बैठकको निर्णय अनुसार तपसिल बमोजिमका फर्महरुलाई 'घ' वर्गको इजाजत पत्र दिने निर्णय भई आएकोले उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिल:**

१. Ayush Construction

२. Tarami Nirman Sewa

आजको बैठक अन्त गरियो।